# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ २५ गते २०२४ साल

श्री ५ को सरकार

अर्थ–मन्त्रालयको

सूचना

मानननीय प्रधान मन्त्री तथा अर्थ मन्त्री श्री सूर्यबहादुर थापाले आषाढ २५ गते रोज १ का दिन दिनुभएको आर्थिक वर्ष २०२४।२५ को बजेट वक्तव्य (आय–व्यय विवरण) सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

माननीय अध्यक्ष महोदय,

नेपालको संविधानले निर्दिष्ट गरेको आर्थिक प्रणाली अनुसार आर्थिक वर्ष २०२४।२५ को श्री ५ को सरकारको आय–व्यय विवरण फेरि पनि पाँचौं पटक राष्ट्रिय पञ्चायतमा पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित सम्झेको छु। केही दिन अघि यसै सदनमा देशको चालू वर्षको आर्थिक स्थितिको सम्बन्धमा मैले आर्थिक सर्वेक्षण पेश गरेको हुँ। यस आय–व्यय विवरणमाथि उक्त सर्वेक्षणको पृष्ठभूमिमा राष्ट्रिय पञ्चायतले विचार गरेमा यसमा निर्धारित कार्यक्रम तथा नीतिलाई कार्यान्वयन गर्न सहायता हुनेछ भन्ने मलाई पूरा विश्वास छ। पूर्ण रूपले मौद्रिकीकरण नभइसकेको हाम्रो जस्तो अर्थ व्यवस्थामा वित्तीय नीति र त्यसको कार्यान्वयनबाट के कति असर पर्दछ भन्ने कुरा आर्थिक सर्वेक्षण पेश गर्दा पनि व्यक्त गरेको थिएँ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यसै पृष्ठभूमिमा अब, महोदय, म आर्थिक वर्ष २०२३।२४ भित्र सरकारी क्षेत्रमा भएको आर्थिक कारोबारको संक्षिप्त व्याख्या गर्दछु । चालू आर्थिक वर्षमा आयतर्फ रु. ३४ करोड ५३ लाख ६२ हजार अनुमान गरिएकोमा संशोधित अनुमान अनुसार रु. ३० करोड ५५ लाख ४३ हजार हुने देखिएको छ अर्थात् करीब १२ प्रतिशत घटी हुन आएको छ । भन्सारबाट रु. १८ करोड ६० लाख आय हुने अनुमान गरिएकोमा रु. १४ करोड ७७ लाख ५० हजार मात्र आय हुने संशोधित अनुमान छ । यसरी रु. ३ करोड ८२ लाख ५० हजार कम आय हुने देखिएको छ । शैशव अवस्थामा रहेका हाम्रा उद्योगहरूलाई हुर्काई देशको आर्थिक गतिविधिमा देन दिन सक्ने तुल्याउन मेशीनरीहरू तथा थप कच्चा पदार्थमा समेत आवश्यकतानुसार समय समयमा भन्सार सहूलियत दिइयो । फेरि भारतीय मुद्राको अवमूल्यन पछि भारतीय मालसामान नेपालमा सस्तो हुन गई हाम्रो वित्तीय र मौद्रिक व्यवस्थामा एकै पटक प्रतिकूल प्रभाव नपरोस् भनी भन्सार दरबन्दीमा परिवर्तन गरी पैठारीमा आवश्यक मात्रामा नियन्त्रण लगाइएकोले अनुमान गरेभन्दा कम पैठारी हुन गयो । यिनै कारणहरूले गर्दा भन्सार आयमा घट्ने संशोधित अनुमान छ । अन्तःशुल्कबाट रु. ३ करोड १७ लाख राजस्व प्राप्त हुने अनुमान गरिएकोमा रु. २ करोड ५१ लाख १५ हजार राजस्वसंकलन हुने संशोधित अनुमान छ । यसमा आय घट्नाका कारणहरू यस प्रकार छन् । नयाँ मौद्रिक नीतिको फलस्वरूप विदेशी वस्तुहरू हाम्रो बजारमा सस्तो हुन जानु स्वाभाविकै थियो । देशमा भर्खरै उत्पादन गर्न थालिएका वस्तुहरूले मूल्यमा विदेशी वस्तु-संग प्रतिस्पर्धामा खडा हुन नपरोस् भनी अन्तःशुल्क दरमा कमी गरी संरक्षण दिनु परेकोले समेत आयमा कम हुनजाने संशोधित अनुमान छ । यस्तै करबाट रु. ३ करोड २५ लाख ६८ हजार आय अनुमान गरेकोमा रु. २ करोड ६५ लाख ८८ हजार प्राप्त हुने संशोधित अनुमान छ । बिक्री कर नयाँ व्यवस्था भएकोले बिक्री गर्ने र खरीद गर्ने दुवैलाई यस व्यवस्थासंग परिचित हुन र कर प्रशासनलाई पनि समयोचित कदम चाल्न शुरूमा केही ज्ञानको अभाव भएकोले राजस्व अनुमानभन्दा केही घट्न गएको एक कारण मान्न सकिन्छ । उपर्युक्त बाहेक अरू श्रोतहरू-बाट उठेको राजस्व अनुमानभन्दा संशोधित अनुमान केही प्रतिशत बढी नै देखिन्छ ।

साधारण खर्चतर्फ रु. १८ करोड ९४ लाख ८४ हजार अनुमान गरिएकोमा रु. १८ करोड ३२ लाख ७७ हजार खर्च हुने संशोधित अनुमान छ । विकासतर्फ रु. ३८ करोड ४१ लाख ६४ हजार खर्च हुने अनुमान भएकोमा रु.३० करोड ९५ लाख ४३ हजार खर्च हुने संशोधित अनुमान छ । संशोधित अनुमान अनुसार श्री ५ को सरकारबाट रु. १४ करोड २९ लाख ४३ हजार र मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थाहरूको सहायताबाट रु. १६ करोड ६६ लाख खर्च हुने देखिएको छ । यसरी साधारण र विकास गरी जम्मा रु. ५७ करोड ३६ लाख ४८ हजार खर्च हुने अनुमान गरेकोमा संशोधित अनुमानबमोजिम रु. ४९ करोड २८ लाख २० हजार खर्च हुने देखिएको छ । यसरी आय-व्ययमा आयभन्दा व्यय रु. २ करोड ६ लाख ७७ हजार बढी हुन जाने संशोधित अनुमान छ । तर यस वर्ष श्री ५ को सरकारबाट जारी गरिएको प्राइज-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वण्डको रकम रु.२५ लाख कटाउँदा खूद न्यून हुन आउने रकम रु. १ करोड ८१ लाख ७७ हजार मात्र हुनेछ ।

अध्यक्ष महोदय, अब म आर्थिक वर्ष २०२४।२५ को आय-व्यय अनुमान प्रस्तुत गर्दछु । आर्थिक वर्ष २०२४।२५ को निम्ति आय रु. ३१ करोड १० लाख र खर्च तर्फ साधारण तर्फको वजेटमा खर्च रु. १९ करोड १६ लाख ९५ हजार र विकास तर्फ रु. ३४ करोड ८४ लाख २३ हजार गरी जम्मा खर्च रु. ५४ करोड १ लाख १८ हजार हुने अनुमान गरिएको छ। श्री ५ को सरकारले राजस्व प्रशासनमा सुदृढता ल्याउने प्रयासको फलस्वरूप सामूहिक रूपमा सालसालै अनुभव गरिएबमोजिम वर्तमान करहरूमा कुनै थप घट नगर्दा करीव १.५ प्रतिशत बढी राजस्व संकलन हुने अनुमान गरिएको छ । विदेशी मुद्राको आर्जनमा प्रतिकूल प्रभाव नपरोस् भन्ने उद्देश्यले नेपालबाट निकासी हुने सवै सामानहरूमा अझ प्रोत्साहन दिन भन्सारको निकासीबाट हुने आयमा केही कमी गरिएको छ । अन्तःशुल्क तर्फ अधिराज्यमा उत्पादन गर्न शुरू गरेका केही उद्योगहरूले आगामी आर्थिक वर्षमा पनि गतवर्षमा जस्तै उत्पादन वृद्धि गर्दै जाने अनुमान भएकोले अन्तःशुल्कबाट केहीमात्रामा श्री ५ को सरकारलाई बढी राजस्व संकलन हुने अनुमान गरिएको छ ।

कर शीर्षकमा चालू आर्थिक वर्षमा बिक्री कर उठाउने बारे नयाँ व्यवस्था भएकोले केही कम राजस्व प्राप्त भएको भए तापनि यो व्यवस्था अब बस्दै गएकोले र साथै कर प्रशासनमा संमय समयमा ल्याइएको सुधारको फलस्वरूप समेत करबाट रु. १८ लाख ५२ हजार बढी आय प्राप्त हुने अनुमान गरिएको छ । ब्याज तथा लाभांश शीर्षकमा श्री ५ को सरकारको लगानीबाट लाभांश तथा ब्याज विभिन्न कम्पनी तथा कर्पोरेशनहरूले दिन थालेकाले चालू आर्थिक वर्षभन्दा रु. ९ लाख ५६ हजार बढी आय प्राप्त हुने अनुमान गरिएको छ ।

आगामी आर्थिक वर्षमा साधारण खर्च तर्फ रु. १९ करोड १६ लाख ९५ हजार अर्थात् चालू आर्थिक वर्षको संशोधित अनुमानभन्दा रु.८४ लाख १८ हजार बढी खर्च हुने अनुमान गरिएको छ । खर्च बढ्नाको प्रमूख कारणहरू मध्ये विकास तर्फको बजेटमा व्यवस्था भएका केही आयोजनाहरूले विकास गरिने लक्ष्य हासिल गरिसकेकोले यस्ता आयोजनाहरूको साधारण प्रशासनको खर्च विकास तर्फ व्यवस्था गर्न युक्तिसंगत नहुने हुँदा सरकारले अपनाएको नीति अनुसार त्यस्तो खर्चको व्यवस्था साधारण तर्फ गरिएकोले समेत केही खर्च बढ्ने अनुमान भएको हो । जनतालाई भन्सारको बाटो गरी आवत जावत गर्नमा कुनै समयमा पनि रोकावट नहोस् भन्ने उद्देश्यले चालू आर्थिक वर्षदेखि तीन मूल भन्सारहरूमा चौबीसै घण्टा कर्मचारी हाजिर रही सेवा पुऱ्याउने व्यवस्था भएको छ । आगामी आर्थिक वर्षमा यस व्यवस्थालाई अझ व्यापक गराउन थप भन्सारहरूमा यस किसिमको प्रबन्ध गरिने भएकोले थप खर्चको आवश्यकता हुन गएको छ । यस्तै केही नयाँ उद्योगहरूले उत्पादन शुरू गर्न लागेका र नयाँ बस्तुहरूबाट हुने अन्तः-शुल्क सङ्कलन गर्न अन्तःशुल्क प्रशासनमा केही थप व्यवस्था भएको छ । साथै केही अत्यावश्यक सेवाहरूमा थप खर्च गर्नुपर्ने भएकोले समेत खर्चमा वृद्धि हुन गएको हो ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महोदय, आगामी आर्थिक वर्ष पञ्चवर्षीय योजनाको तेस्रो वर्ष हो । अहिलेसम्म दुई वर्षको योजना कार्यान्वियन गर्दा भएको अनुभवको आधारमा श्री ५ कोसरकारले योजनाको बाँकी तीन वर्षको कार्यक्रमलाई संशोधन गर्ने काम शुरू गरेको छ । आर्थिक विकासको साथै सर्वसाधारणको आयमा वृद्धि हुने हुनाले उपभोगको ढाँचामा परिवर्तन आउनाको साथै खाद्य वस्तुहरूको मांग मुख्य रूपले वृद्धि हुँदै गएको छ र त्यस्तै देशको जनसंख्याको वृद्धिबाट पनि खाद्यान्नको मागमा वृद्धि हुनु स्वाभाविकै हो । यसको अतिरिक्त यातायातको विकास हुँदै गए-पछि देशको उत्पादन बचत क्षेत्रबाट अभाव क्षेत्रमा लैजान सुविधा हुने हुनाले हाम्रोजस्तो उपभो-गको बढ्दो इच्छा भएको देशमा आन्तरिक उपभोगको माग वृद्धि भई निर्यातको निमित्त कम हुने संभावना रहन्छ । अतएव देशको बढ्दो खाद्यान्नको माग पूरा गरी कृषिमा निर्भर रहेको निर्यातसमेत वृद्धि गर्न कृषि उत्पादन सकेसम्म बढाउनु अत्यावश्यक छ भन्नेमा दुई मत हुन सक्दैन । तसर्थ श्री ५ को सरकारले सबैभन्दा बढी प्राथमिकता कृषि विकासलाई नै दिएको छ । चालू आर्थिक वर्षमा कृषि क्षेत्रमा कर्जाको सुलभता र उचित उपभोगको लागि भूमिसुधार अनि-वार्य बचत संस्थानको स्थापना गरिएको हो । कृषिको उत्पादन वृद्धि गर्न सिंचाई, मल र उन्नत बीउको प्रबन्ध हुनु अत्यन्त जरूरी हुन्छ । कृषि सप्लाई संस्थानले यस आर्थिक वर्षमा १०,००० टन रसायनिक मल कृषकहरूमा वितरण गऱ्यो जब कि गत वर्ष २०२२।२३ मा २,००० टन मात्र वितरण हुन सकेको थियो । रसायनिक मलले उत्पादन वृद्धिमा ठूलो सहायता पुऱ्याएको छ र यसको मागमा धेरै वृद्धि भएको छ । आगामी वर्ष २०२४।२५ मा कमसेकम २०,००० टन रसायनिक मल वितरण गर्ने कार्यक्रम छ । यसको अतिरिक्त कृषि प्रसारको माध्यमद्वारा उपयुक्त स्थानीय मल प्रयोग गर्नमा पनि विशेष जोड दिइनेछ छ । साथै कृषि सप्लाई कर्पो-रेशनद्वारा उन्नत जातको बीउहरू पनि अझ सुदृढतापूर्वक वितरण गरिने छ । चालू आर्थिक वर्षमा लघुसिंचाई कार्यक्रम एक अभियानको रूपमा शुरू गरियो र श्री ५ को सरकारले यस कार्यमा अहिलेसम्म करीब ५० लाख रुपैयाँ खर्च गरिसकेको अनुमान छ । आगामी वर्षमा एक करोड रुपैयाँ खर्च गर्ने अनुमान छ । कृषिको उत्पादनमा वृद्धि गर्ने उद्देश्यले शुरू गरिएका विभिन्न कार्यक्रमद्वारा काठमाडौं उपत्यकाभित्रको जमीनको उत्पादकत्व प्रत्यक्ष रूपमा वृद्धि भइसकेको छ । अन्य जिल्लाहरूमा पनि यसको लाभ देखिन थालेको छ । योजनाको बाँकी तीन वर्षमा यो कार्यक्रम बढी सक्रियताका साथ देशको विभिन्न भागमा लागू गरिने छ ।

यस आर्थिक वर्षभित्र औद्योगिक उत्पादनमा उखुको उत्पादनको कमीले गर्दा चिनीको उत्पादनमा केही कमी र बजारको कारणले जुट बोराको उत्पादनमा भएको कमी बाहेक अन्य उत्पादनमा वृद्धि भएको छ । देशको कच्चा माल उपयोग गरी आन्तरिक आवश्यकता पूरा गर्ने तथा थोरै समयभित्रमा नै उत्पादन गर्न सक्ने उद्योगहरूलाई विशेष प्रोत्साहन तथा सहुलियत दिई गैह्र सरकारी क्षेत्रमा स्थापना गर्न लगाउने श्री ५ को सरकारको नीति रहँदै आएको छ । उद्योगको निमित्त आवश्यक मालहरूको आयातमा भन्सार महसूल नयाँ भन्सार दरको अनुसूचीमा दिएबमोजिम अझ बढी सुविधा दिइने भएको छ । साथै बैङ्कबाट दिइने कर्जा पनि सुलभ र सुवि-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धाजनक बनाइएको छ । यसरी उद्योगमा लगानी गर्न उपयुक्त वातावरणको सृजना हुनाको साथै गैह्र सरकारी क्षेत्रबाट आशा गरिएजति रूपमा लगानी हुन नसकेकोले लगानीको परिमाणमा कम हुन नदिन र योजना मुताबिकको आयात घटाउने किसिमको उद्योगहरूको स्थापनाको निम्ति सरकारले पनि उद्योगहरूमा लगानी गर्दै आएको छ । कृषि औजार कारखानाको निर्माण कार्य लक्ष्यबमोजिम भइरहेको छ । गैह्र सरकारी क्षेत्रमा सिमेण्ट कारखाना स्थापना हुँदैछ ।

सडक, हवाई, विजुली आदिको विकास सन्तोषजनक रूपमा भएको छ । काठमाडौं-कोदारी राजमार्ग निर्माण समाप्त भएको छ । सुनौली – पोखरा तथा पूर्व–पश्चिम राजमार्गहरूको निर्माणको राम्रो प्रगति छ । बिजुलीतर्फ त्रिशूलीमा ६,००० किलोवाट विद्युत् शक्तिको उत्पादन हुन थालिसकेको छ । सुनकोशी विद्युत् आयोजनाको प्रारम्भिक कार्य समाप्त भइसकेको छ र आगामी वर्ष यसको निर्माण कार्य शुरू हुने छ ।

यसरी विकासको बिभिन्न क्षेत्रमा बितेका वर्षहरूको तुलनामा यस बर्ष नेपालले राम्रो प्रगति गरेको छ तापनि यसबाट श्री ५ को सरकारलाई सन्तोष भएको छैन । पञ्चायती व्यवस्थाको आर्थिक लक्ष्य हासिल गर्न अझै धेरै काम गर्न बाँकी छ । हामी अवश्य यस लक्ष्य प्राप्ति गर्ने बाटोमा पुगेका छौं र अगाडि बढ्दै पनि छौं । तर हाम्रो गति अझै कम छ । अतः अनुत्पादक तथा धेरै लगानीबाट थोरै उत्पादन हुने किसिमका योजनामा परेका कार्यक्रमहरूलाई हटाई योजना कार्यान्वयन गर्दा अहिलेसम्म प्राप्त गरेको अनुभवको आधारमा तथा उत्पादन वृद्धिमा बढी जोड दिने उद्देश्यले समेत चालू पञ्चवर्षीय योजनामा आवश्यक संशोधन गर्ने श्री ५ को सरकारले निर्णय गरेको छ ।

आर्थिक वर्ष २०२४।२५ को विकास कार्यक्रमहरू माथि मैले उल्लेख गरेका सिद्धान्तहरूको आधारमा तयार गरिएका छन् । विकास तर्फको बजेटमा रू. ३४ करोड ८४ लाख २३ हजार खर्च हुने अनुमान गरिएको छ । यसमध्ये कृषि, उद्योग वाणिज्य, वन तथा सिंचाई-जस्ता उत्पादन बढाउने कार्यक्रमको निमित्त रु. ८ करोड ४५ लाख २० हजार देश विकासको निमित्त आवश्यक विद्युत्, सडक तथा यातायातजस्ता आधारभूत कुराहरूको विकासको निमित्त रू. १३ करोड ७५ लाख १६ हजार र सामाजिक सेवाहरू र अरू सेवाहरूको विकासको निमित्त रू. १२ करोड ६३ लाख ८७ हजार खर्च गरिने व्यवस्था मिलाइएको छ ।

यसरी चालू आर्थिक वर्षको विकासतर्फको बजेट अनुमानभन्दा आगामी आर्थिक वर्षको विकास खर्चको अनुमान रू. ३ करोड ५७ लाख ४१ हजार कम राखिएको छ । तर यसबाट विकासखर्चका निमित्त राखिएको रकम राम्ररी केलाई हेरेमा विकास कार्यमा खर्च कम नहुने कुरा स्पष्ट रूपमा देखिन्छ । आर्थिक वर्ष २०२२।२३ मा पूरक अनुमानसमेत रू. ३३ करोड २७ लाख विकास खर्च राखिएकोमा खास खर्च रू. २८ करोड ७ लाख मात्र हुन सकेको थियो । यस वर्ष २०२३।२४ मा रू. ३८ करोड ४१ लाख विकासतर्फको बजेटमा अनुमान गरिएको खर्च मध्ये रू. ३० करोड ९५ लाख मात्र खर्च हुन सक्ने अहिलेको संशोधित अनुमान छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तसर्थ आगामी वर्षको बजेट अनुमान यस वर्षको खर्चको संशोधित अनुमानभन्दा १२.५ प्रतिशत बढी छ । बजेट अनुमान र खास खर्चमा धेरै फरक नहुने व्यवस्था गर्न श्री ५ को सरकारले यता केही वर्षदेखि विशेष ध्यान दिंदै आएको यस सदनलाई बिदितै छ । गत वर्षहरूको अनुभवबाट खर्च हुन नसक्ने रकमहरू बजेटमा समावेश गरिएका छैनन् । साथै अनुत्पादक खर्चजस्तो पेट्रोल, फर्निचर, तलब भत्ता आदिमा भरसक कम खर्च गर्ने व्यवस्था साधारण तथा विकास दुवै तर्फका बजेटमा गरिएको छ । साथै सर्वसाधारणको जन–जीवनमा विशेष फरक नपार्ने सरकारी भवनको निर्माणजस्तो कार्यमा गत वर्षको तुलनामा धेरै कम खर्च गर्ने कार्यक्रम छ । यसले आयातमा कम गर्नाका साथै मुद्रास्फितिलाई नियन्त्रण गर्न पनि सहायक हुनेछ । गत वर्षहरूमा शिक्षा, स्वास्थ्य, आदि सामाजिक सेवाहरूलाई प्रशस्त विस्तार गरिएको कुरा सबैलाई बिदितै छ । अब यसरी विस्तार गरिएका सेवाहरूलाई सुदृढ गरी यसबाट बढी से बढी लाभ सर्वसाधारणलाई पुन्याउनु आवश्यक भएको कुरा श्री ५ को सरकारलाई महसूस भएको छ । त्यसैले आगामी वर्ष सामाजिक सेवाको क्षेत्रमा विस्तार गर्ने कार्यक्रम राखिएको छैन, भइरहेको सुविधालाई नै सुदृढ गर्ने कार्यक्रम छ । तर उत्पादन वृद्धिलाई सहायक हुने कार्यक्रम भने आगामी वर्ष अरू बढी विस्तार गरिने छ । कृषि, सिंचाई, उद्योग, बन आदिको खर्च यस वर्षभन्दा ३० प्रतिशत बढी आगामी वर्षको विकास तर्फको बजेटमा समावेश गरिएको छ । साथै बजेट बाहिरबाट यस वर्ष कृषि सप्लाई कर्पोरेशनको निमित्त रू. १२ लाख उपलब्ध गराइएको थियो जब कि आगामी वर्ष यसको निमित्त रू. १ करोड उपलब्ध गराइने छ ।

विकासतर्फको खर्च ब्यहोरिने श्रोतहरूको हकमा श्री ५ को सरकारबाट रू. १५ करोड ६ लाख ७१ हजार र मित्र राष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट रू. १६ करोड ७४ लाख ५२ हजार हुने अनुमान गरिएको छ । देश विकासको निमित्त हामीलाई आर्थिक तथा प्राविधिक सहायता दिने सबै मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरूलाई म यस अवसरमा धन्यवाद ज्ञापन गर्दछु ।

अध्यक्ष महोदय, नेपालको संबिधानमा उल्लेख गरिएका आर्थिक लक्ष्यहरूको प्राप्तिको निम्ति देशले अरू कुराहरूको अतिरिक्त आर्थिक क्षेत्रमा आत्मनिर्भरता तिर गतिशील रूपले अगाडि बढ्दै जानु पर्ने कुरा स्वयंसिद्ध छ । यस सम्बन्धमा गत वर्षहरूमा श्री ५ को सरकारले जनताको कर वहन गर्न सक्ने क्षमता र योजनाबद्ध आर्थिक विकासको नीतिको आधारमा यस्ता श्रोतहरूको परिचालन गर्दै आएको हो । साथै, साधारणतर्फको खर्च ब्यहोरी रहन आएको बचत विकासतर्फको खर्चमा लगाउँदा देशको बिकासको प्रवृत्तिको पनि राम्ररी विचार गरिनु आवश्यक छ । सरकारले बचत गरेको रकम मध्ये अधिकांश प्रतिशत अनुत्पादक तथा अरू किसिमका तलब भत्ता आदिमा मात्र खर्च हुन गयो भने राष्ट्रिय आयमा वृद्धि ल्याई जनताको जीवनस्तर उचाल्न सकिन्न । त्यसैले मुख्य रूपले थोरै लगानी बाट उत्पादनमा छिटो वृद्धि गर्नेजस्ता आयोजनाहरूलाई विशेष प्राथमिकता दिई चालू पञ्चवर्षीय योजनाको बाँकी अवधिमा कार्यान्वयन गरिने भएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुरा मैले माथि उल्लेख गरेको हुँ । यसले गर्दा सर्वसाधारण जनताको जीवनस्तरमा प्रत्यक्ष रूपले उल्लेखनीय वृद्धि हुँदै जानेमा कुनै शङ्का गर्न सकिन्न ।

तर विभिन्न मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोग प्राप्त छँदाछँदै पनि देशलाई स्वावलम्बी बनाई स्वतन्त्र आर्थिक नीति कार्यान्वियन गर्नसमेत बढी आन्तरिक श्रोतहरुको आवश्यकता पर्दछ । फेरि, यसमा सन्देह छैन कि करहरूको दर बढाउनाले मात्र पनि देशका विभिन्न क्षेत्रहरूमा सन्तोषजनक रूपले उत्पादन वृद्धि हुँदै जाने होइन; अर्थात् उत्पादन बढाउने दिशातिर ध्यान नदिई तथा करदाताहरूलाई समष्टी रूपमा त्यसबाट आउने फलको विचार नगरी केबल कर नीतिलाई प्रगतिशील बनाएर मात्र पनि पुग्दैन । करदाताहरूको क्षमता, उनीहरूलाई प्राप्त हुने सुविधाहरू तथा देशको योजनाबद्ध विकासको अन्योन्याश्रय व्यावहारिक सम्बन्ध छ । अतएव मैले कर प्रस्तावहरू यस्ता सबै विषयहरूको यथोचित विचार राखी तयार पारेको छु ।

हाम्रो अर्थ-व्यवस्थामा प्रशासनसम्बन्धी कतिपय कठिनाइहरूले गर्दा अनुमान गरे जति आधारमा खास गरेर प्रत्यक्ष किसिमका करहरू असुल उपर गर्नमा धेरै बाधा छन् । त्यस्ता कठिनाइहरू प्रति श्री ५ को सरकार सदैव जागरूक रहिआएको छ र गत वर्षहरूमा कतिपय आवश्यक सुधारहरू समय समयमा सम्पन्नसमेत भए । तैपनि आगामी वर्षमा यस दिशातिर अझ बढी सुधार ल्याउने श्री ५ को सरकारको नीति रहने छ र जसको फलस्वरूप प्रत्यक्ष मात्र नभई विभिन्न किसिमका अरू करहरूको समेत उचित रूपमा संकलन गर्न क्रमशः सफलता मिल्ने छ भन्ने मलाई विश्वास छ । यस सन्दर्भमा, अध्यक्ष महोदय, अब म राजस्व बढाउन पहिलेदेखि नै लगाइ आएको केही करहरूमा घटबढ गर्ने तथा केही नयाँ करहरू उठाउनेसमेत प्रस्तावहरू पेश गर्दछु । पञ्चायतका विभिन्न तहहरूको आयको श्रोत बढ्दै जाओस् भन्ने उद्देश्यले ऐनले तोकि-एबमोजिम आजदेखि रेडियो लाइसेन्स दस्तूर असूल उपर गरी यसलाई विकास कार्यको निम्ति उपयोग गर्नेसमेत काम जिल्ला पञ्चायत र नगर पञ्चायतलाई दिएको छ ।

आगामी आर्थिक वर्षमा हर क्षेत्रमा उत्पादन वृद्धि गर्ने नीति श्री ५ को सरकारले अवलम्बन गरेकोछ । तसर्थ (१) कृषि उत्पादन बढाउने, (२) औद्योगिक व्यवसायलाई प्रोत्साहन दिने, (३) ठूला तथा साना कुटिर उद्योगलाई संरक्षण दिने, (४) निकासी व्यापारलाई प्रोत्साहन दिने, र (५) मुद्रा नीतिलाई झन् सुदृढ पार्दै लैजाने उद्देश्यको आधारमा भन्सार दरबन्दी कायम गरिएको छ ।

कृषि प्रधान देशमा कृषि धन्दालाई प्रोत्साहन दिनु नै देशको आर्थिक अवस्था सुधार्नु हो भन्ने विश्वास गरी कृषि धन्दा बढाई उत्पादन र उत्पादकको स्तरसमेत बढाउन कृषिको निम्ति आवश्यक वस्तुहरूको पैठारी महसूलमा लाग्ने थप सरचार्ज आजदेखि छुट् दिइएको छ । आजदेखि सबै किसिमका कृषि मेशीनरी, औजारहरूमा समेत थप सरचार्ज माफ गरिएको छ । खादमलमा सबै किसिमको भन्सार महसूल आजदेखि माफ गरिएको छ । औषधिको पैठारी सरचार्जमा पनि कमी गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देशमा भर्खर हुर्कन लागेका सानातिना तथा मझौला उद्योगधन्दाहरूले सरकारबाट आवश्यक मात्रामा सहयोग पाउँदै जानुपर्ने आवश्यक छ । तसर्थ श्री ५ को सरकारको औद्योगिक नीति अनुसार यस्ता सबै उद्योगहरूलाई आवश्यक मेशीनरी तथा कच्चा पदार्थमा भन्सार सहुलियत दिने काम कायम नै राखिएको छ । यसको साथै घरेलु उद्योगलाई पनि बढावा दिई घर घरमा रोजगारीको वृद्धि होस् भन्ने उद्देश्यले आजदेखि कच्चा धागोहरूको पैठारीमा भन्सार सहुलियत प्रदान गरिएको छ । देशभित्र उत्पादन हुने बस्तुहरूलाई बाहिरी प्रतिस्पर्धाबाट बचाउन संरक्षणात्मक भन्सार दरबन्दीको व्यवस्था गरिएको छ ।

भारतबाट नेपालभित्र पैठारी गरिने बस्तुहरूको सम्बन्धमा श्री ५ को सरकार र भारत सरकारको बीच ए. आर. वन फार्मद्वारा खरीद गर्ने एक छुट्टै व्यवस्था छ । यस व्यवस्था अन्तर्गत भारतमा खरीद हुने सबै प्रकारका भारतीय वस्तुहरूमा भारत सरकारले लगाइएको अन्तःशुल्क श्री ५ को सरकारलाई फिर्ता आउँछ । तर हाम्रो देशवासीहरूले भारतमा गई सोझै खरीद गरेमा अन्तःशुल्कको साथसाथै यस्ता सामानमा बिक्री करसमेत लाग्ने हुँदा अनावश्यक तरीकाले मालको मोल पनि बढ्न जाने हुन्छ । यस प्रवृत्तिलाई हटाउन र भारतमा हुने खरीद व्यवस्थित रूपबाट होओस् भन्ने उद्देश्यले समेत ए. आर. वन फर्मद्वारा ल्याइएका आवश्यक मालसामानमा स्थानीय खरीदबाट आएका सामानमा भन्दा कम सरचार्ज लिने व्यवस्था विभिन्न पैठारीका वस्तुहरूमा आजदेखि गरिएको छ । तर आवश्यकभन्दा बढी मात्रामा पेट्रोल पैठारी नहोस् भन्ने उद्देश्यले आजदेखि पेट्रोलको सरचार्जमा थप गरिएको छ ।

अझ बढी मात्रामा निकासी व्यापारले प्रोत्साहन पाओस् भन्ने उद्देश्यले निकासी हुने कतिपय वस्तुहरूको महसूल अझै केही घटाइएको छ । भन्सार दरबन्दीसम्बन्धी साविकका सबै अनुसूचीहरू खारेज गरी आजदेखि नयाँ अनुसूचीहरू कायम गरिएको छ ।

मैले प्रस्ताव गरेको भन्सारको दरबन्दीसम्बन्धी परिवर्तनबाट थप रू. ४० लाख प्राप्त हुने अनुमान गरिएकोछ ।

देशको कच्चा माल खपत गरी चलाउने ऊनी कारखानाले अझ बढी मात्रामा प्रोत्साहन पाऊन् भन्ने ध्येयले प्रचलित अन्तःशुल्क आजदेखि माफ गरिएको छ र विदेशबाट ऊन पैठारी गरी चलाउने ऊनी कारखानालाई उत्पादन हुने मालमा साविकको दर घटाई प्रतिपाउण्ड रू. २।५० दर मात्र गरिएको छ । तर यस्ता कारखानाहरूले ऊनको काम नगरी सिन्थेटिक यार्न तयार गरेमा प्रति किलो रू. ३।– लगाउने व्यवस्था गरिएको छ ।

बदलिंदो परिस्थितिको सन्दर्भमा कृषि मादक उत्पादनलाई निरुत्साह गर्ने श्री ५ को सरकारको नीति भएकोले यस्तो उत्पादन गर्ने शुल्कमा प्रति बिघा रू. २५६०।– बाट बढाएर रू. ४,५००।– कायम गरिएको छ ।

माथि उल्लिखित अन्तःशुल्क दरको परिवर्तनको फलस्वरूप रू. २० लाख थप आय हुने अनुमान गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सबै जिल्लामा भूमिसुधार लागू भइसकेको छ र कित्तानापीको काम पनि यो साल अझ बढी जिल्लामा हुने आशा राखिएको छ । यसको साथै देशका विभिन्न स्थानमा जग्गा आबाद गरेका तर त्यस्तो जग्गाको मालपोत वा तिरो नतिरी भोग चलन् भइरहेका कतिपय स्थानहरू छन् । हाल आवादी गरी जग्गा मानिसहरूले भोग चलन गरे तापनि यस्ता जग्गामध्ये धेरै दर्ता हुन पाएको छैन। तसर्थ श्री ५ को सरकारले आगामी वर्ष यस्तो सबै आबाद भएका जग्गाहरू दर्ता गर्ने व्यवस्था गर्ने छ र यसबाट राजस्वमा थप वृद्धि रू. ८० लाखजति हुने अनुमान छ ।

आय करको दरमा सकेसम्म व्यावहारिकता तथा वैज्ञानिकता ल्याउँदै जानु आवश्यक छ । हाम्रो प्रशासकीय दृष्टिकोणसमेतको विचार राखी व्यक्तिगत करदाताहरूको आयकरको दरमा निम्नलिखित परिवर्तन गर्ने प्रस्ताव राख्दछु :–

| | | | |
|---|---|---|---|
| (क) | व्यक्तिको निम्ति कर नलाग्ने सीमा | रू. | ३,०००।– सम्म |
| (ख) | विवाहिता दम्पतिको निम्ति " | रू. | ४,५००।– सम्म |
| (ग) | परिवारको निम्ति " | रू. | ६,०००।– सम्म |

माथि उल्लिखित छुट्सम्म केही नलाग्ने

| | | |
|---|---|---|
| त्यस पछिको रू. | ५,००० सम्म | ५ प्रतिशत |
| " | ५,००० सम्म | ६ " |
| " | ५,००० सम्म | ८ " |
| " | ५,००० सम्म | १० " |
| " | ५,००० सम्म | १२ " |
| " | ५,००० सम्म | १५ " |
| " | ५,००० सम्म | १८ " |
| " | ५,००० सम्म | २५ " |
| " | ५,००० सम्म | ३२ " |
| " | ५,००० सम्म | ४० " |
| " | ५,००० सम्म | ५० " |
| माथि जतिसुकै भए पनि | | ५० " |

तर कम्पनी र कर्पोरेशनमा लाग्ने आयकर साविकबमोजिम नै कायम राखिएको छ । यस परिवर्तनबाट थप राजस्व रू. १० लाखजति हुनजाने छ ।

साविकमा लेखापरीक्षण पेशा, इञ्जिनियरिङ्ग पेशा र अन्य पेशाहरूलाई क्रमशः रू. ४० प्रतिशत, २५ प्रतिशत र १० प्रतिशतको दरले छुट् दिइआएकोमा यसरी विभिन्नकिसिले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छुट् दिन मनासिब नदेखिएकोले आर्थिक वर्ष २०२४।२५ देखि सबै प्रकारका पेशावालाहरूले आफ्नो आम्दानी खर्चको रीतपूर्वकको हिसाब पेश गर्नुपर्ने छ र पेशा सञ्चालनमा लागेको खर्च मिनाहा दिई बाँकीमा आयकर निर्धारण गरिने भएको छ।

बिक्री करलाई अझ व्यावहारिक तुल्याउने उद्देश्यले वर्तमान वर्गीकरणकै आधारमा अनुसूची 'क' मा उल्लेख भएका वस्तुहरूमा मूल्यको ५ प्रतिशतका दरले र अनुसूची 'ख' मा उल्लेख भएका वस्तुहरूमा मूल्यको ७ प्रतिशतका दरले आजको मितिदेखि बिक्री कर लाग्ने गरिएको छ। अनुसूची 'ग' मा उल्लेख भएका वस्तुहरूको बिक्री कर स्रोतमै साबिकबमोजिम उठाइने छ र यसको दर मूल्यको ७ प्रतिशत गरिएको छ। तर अनुसूची 'क' बाट दफा १४ ट्रेक्टर र तत्सम्बन्धी पार्ट पूर्जाहरू झिकिएको छ। यसबाट रु. ६५ लाख थप राजस्व उठ्ने अनुमान छ।

पानीको महसूल खपत गरेको परिमाणको आधारमा असूल गर्नु न्यायोचित हुन्छ। तर पानीको खपत नाप्ने मिटर राख्न धेरै खर्च लाग्ने हुँदा निकट भविष्यमा सबै ग्राहकहरू कहाँ मिटर जडान गर्न सम्भव छैन। पानी धेरै खपत गर्ने ग्राहकहरू कहाँ मिटर राख्ने काम प्रयोगात्मक रूपबाट हुन थालिसकेको छ। ।। आधा इन्चभन्दा बढी व्यासको पाइप जडान गर्नेहरू कहाँ यथाशक्य चाँडो मिटर राख्ने प्रयाससमेत गरिने छ। मिटर जडान नभएका कहाँ खपतको आधारमा र मिटर नभएकोबाट मासिक निश्चित दरले महसूल असूल गर्न व्यावहारिक देखिन्छ। अतएव ललितपुर तथा भक्तपुर बाहेक काठमाडौंको खानेपानी सप्लाइबाट बितरण गरिएको पानी महसूल दर निम्नलिखित ठेकिएको छ।

मिटर जडान नभएको ग्राहक:—

| जडान गरेको पाइपको व्यास | मासिक महसूल मुख्य लाइन | रुपैयांमा ब्रांच लाइन |
|---|---|---|
| १।२" | ५। | १।५० |
| ३।४" | २०।५० | ४।— |
| १" | ४०।— | ८।— |
| १ १/२" | १२०।— | २०।— |
| २" | २४०।— | ३५।— |
| ३" | ६५२।५० | ७०।— |
| ४" | १३५०।— | २००।— |

प्रत्येक महीना मिटरद्वारा खपत जाँच गरी प्रति ५ पाँच ग्यालनको १ एक पैसाका दरले महसूल लिने, तर केही गरी मासिक महसूलको अंक माथि दिएको अंकभन्दा कम भएमा न्यूनतम महसूलमाथि उल्लेख दर अनुसार लिइने छ। तर साबिकै बमोजिम सार्वजनिक धारा र सरकारी कार्यालयहरूको धारामा भने महसूल लाग्नेछैन।

उपर्युक्त महसूल दरबाट वार्षिक आय थप रु. ५ लाख हुने अनुमान गरिएको छ। आजैदेखि साबिक दर खारेज गरी रजिष्ट्रेशन दस्तूरको दर निम्नलिखितबमोजिम कायम गरिएकोछ:—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| जम्मा रकम रू. मा | फाछ्र्या राजीनामा | बण्डापत्र | बकसपत्र धितोबन्धक | | शेष पछिको बकस |
|---|---|---|---|---|---|
| १०० सम्मको कागज | ४।– | ५।५० | ६।– | ३।– | ६।– |
| १०१ देखि २५० सम्म | १२।– | १४।– | १८।– | ९।– | १३।– |
| २५१ देखि ५०० सम्म | १८।– | २०।– | ३०।– | १३।– | १९।– |
| ५०१ देखि १००० सम्म | २८।– | ३०।– | ५०।– | १८।– | ३६।– |
| १,००१ देखि १०,००० सम्म प्रति हजार | १२।– | १४।– | ३०।– | ७।– | १५।– |
| १०,००१ देखि ५०,००० सम्म प्रति हजार | १४।– | १६।– | ३२।– | ८।– | १७।– |
| ५०,००१ देखि माथि जतिसुकै प्रति हजार | १६।– | १८।– | ३६।– | ११।– | २०।– |
| बिगो नखलेकोलाई | ४००।– | ५००।– | ६००।– | १००।– | ५२०।– |
| अड्डालाई घरमा बोलाई कागज पास गर्नपर्नेमा | १००।– | १००।– | १००।– | १००।– | १००।– |

उपर्युक्त रजिष्ट्रेशन दस्तूर दरबाट रू. ३० लाख थप आय हुने अनुमान छ।

उपर्युक्त बाहेक अरू कुरामा साविकबमोजिम नै राखिएको छ। मैले प्रस्तुत गरेको प्रस्तावबाट जम्मा रू. २ करोड ५० लाख थप राजस्व हुने अनुमान छ।

थप करसम्बन्धी प्रस्तावहरू समेतबाट गरी आर्थिक वर्ष २०२४।२५ को निम्ति कूल आय रू. ३३ करोड ६० लाख हुने अनुमान छ। यसरी साधारण आय–व्ययबाट रू. १४ करोड ४३ लाख ५ हजार अर्थात् कूल आयको ४३ प्रतिशत खास बचत भई देश विकासतर्फ खर्च हुने अनुमान छ। आर्थिक वर्ष २०२३।२४ मा यस्तो बचत रू. १२ करोड २२ लाख ६६ हजार अर्थात् कूल आयको ४० प्रतिशत विकास कार्यमा खर्च हुने संशोधित अनुमान छ। आर्थिक वर्ष २०२४।२५ को निम्ति श्री ५ को सरकारले विकासतर्फ व्यहोर्नुपर्ने रकममध्ये आय-व्ययको बचतबाट रू. १४ करोड ४३ लाख ५ हजार र बाँकी रहन आउने न्यून रू. ६६ लाख ६६ हजार दीर्घकालीन आन्तरिक विकास ऋणबाट व्यहोरिने अनुमान छ।

अध्यक्ष महोदय, अब म आर्थिक वर्ष २०२४।२५ को विदेशी विनिमयको आय-व्यय सम्बन्धी विवरण पेश गर्दछु। नेपाली मुद्राको पुनर्मूल्यनपछि यस आर्थिक वर्षमा विभिन्न घटनाहरू घट्न गए। साथै अधिराज्यभर द्वैध मुद्रा प्रणालीलाई समाप्त गरी सबै कारोवारको माध्यम नेपाली रुपैयाँमा मात्र हुने गरिएको छ। एउटै मुद्रा प्रचलनको सिलसिलामा पहाडी क्षेत्रमा बैङ्किङ्ग सुविधाको विस्तार गर्ने दिशातर्फ पनि चैनपुर, दैलेख, गोरखा, जुम्ला, गुल्मी र सुर्खेतमा राष्ट्रिय वाणिज्य बैङ्कले नयाँ शाखा खोलिसकेको छ तथा आगामी आर्थिक वर्षभित्र भरतपुर,

आधिकारिकृत मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मलङ्गवा, सिराहा, जलेश्वर, गुलरिया, तौलिहवा, डोटी, परासी, रामेछाप, पाँचथर, उदयपुर, सिन्धुली ,बार्दुला, अछाम, डडेल्धुरा र रोल्पामा वाणिज्य बैङ्कले नयाँ शाखाहरू खोल्ने योजना गरिरहेको छ । यी शाखाहरू खुलेपछि मुद्राको प्रचलनलाई सहायक हुने मात्र होइन, उद्योग व्यापारको विकासमा पनि यिनबाट सारभूत सहायता पुग्ने छ ।

चालू आर्थिक वर्ष २०२३।२४ मा परिवर्त्य विदेशी मुद्राको आय रू. ७ करोड ५० लाख अनुमान गरिएकोमा संशोधित अनुमान अनुसार रू. ११ करोड ७३ लाख २३ हजार पुगेको छ । व्ययतर्फ रू. ८ करोड १३ लाख ३३ हजार अनुमान गरिएकोमा संशोधित अनुमान अनुसार रू. ७ करोड १२ लाख ४४ हजार मात्र पुग्न गएको छ । यसरी रू. ६३ लाख ३३ हजार घाटाको अनुमान गरिएकोमा अब रू. ४ करोड ६० लाख ७९ हजारको बचत हुने भएको छ ।

दृश्य निर्यात अर्थात् मालसामानको निकासीबाट रू. २ करोड हुने अनुमान गरिएकोमा संशोधित अनुमान अनुसार रू. ५ करोड ४० लाख पुगेको छ । यस्तै पर्यटनबाट पनि आय वृद्धि हुँदै गएको छ । यो कुरा निकै नै उत्साहवर्धक हो । परम्परागत आयका स्रोतहरूबाट भन्दा माल सामानको निर्यात, पर्यटन आदिबाट आय वृद्धि प्रशस्त हुँदै जानु निश्चय नै गतिशील आर्थिक विकासको सूचक हो । विदेशी सहायताबाट रू. ५० लाख आम्दानी हुने अनुमान गरिएकोमा रू. ७६ लाख ५ हजार पुगेको छ । विविध शीर्षक अन्तर्गत रू. २ करोड ४० लाख आम्दानी हुने अनुमान गरिएकोमा रू. २ करोड ४६ लाख ६० हजार पुग्ने संशोधित अनुमान छ । यस वर्ष नेपाल चीन क्लियरिङ्ग एकाउण्टबाट केवल रू. ५४ लाख १५ हजार मात्र प्राप्त भएको छ । पहाडी क्षेत्रमा खाद्यान्नको कमी हुनाले यो वर्ष खाद्यान्न आवश्यक मात्रामा निकासी हुन नपाएर नै यस स्रोतबाट आउने आम्दानी घटेको हो । तर पनि सम्पूर्ण हिसाबमा अनुमानभन्दा संशोधित अनुमान प्रशस्त बढेको छ । खर्चतर्फ विकास आयोजनाको निमित्त छुट्याइएको रकममा करीब २५ प्रतिशत कम खर्च हुने भएको छ ।

आर्थिक वर्ष २०२४।२५ को निमित्त परिवर्त्य विदेशी मुद्राको आय रू. १० करोड र व्यय रू. १० करोड ३६ लाख २८ हजार हुने अनुमान गरिएको छ । यस आर्थिक वर्षमा अनुमान गरिएको रकमभन्दा कम खर्च भएको हुनाले विकास शीर्षकमा केही कम राखिएको छ । यस शीर्षकमा गत ३।४ वर्षदेखि नै अनुमानित खर्चभन्दा वास्तविक खर्च कम हुँदै आएको कुरा तथ्याङ्कले देखाउँछ । उक्त रकमहरू मध्ये जगेडा कोषमा रू. १ करोड छुट्याइएको छ । यो रकम वास्तवमा खर्च नहुने हो । अतः रू. ९ करोड ३६ लाख २८ हजार मात्र खूद खर्च हुन गई रू. ६० लाख २२ हजार बचत रहने अनुमान छ ।

विदेशी विनिमयको सञ्चयमा अनावश्यक वृद्धि नबढाउने उद्देश्यले आगामी आर्थिक वर्षदेखि पैठारीमा पनि अनेकता ल्याउन आवश्यक मात्रामा उपभोग्य वस्तुहरूका निमित्त आयात भुक्तानीलाई रु. १ करोड ९७ लाख १४ हजार छुट्याइएको छ । यस व्यवस्थाले मूल्य स्थिर राख्न बजारको स्वतन्त्र क्रियालाई समेत मद्दत पुर्‍याउने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यावसायिक बैङ्कहरूले गैर सरकारी व्यापारी क्षेत्रमा पुऱ्याइआएको उधारोलाई निकासी व्यापार र उद्योगधन्दाको विकासलाई बढी उत्साहित तुल्याउने किसिमबाट दिइने व्यवस्था आवश्यकतानुसार गरिने छ ।

आज देशका सम्पूर्ण भागमा एकै मुद्राको मात्र प्रचलन भइसकेको छ । पहाडी क्षेत्रहरूमा पनि व्यावसायिक बैङ्कको विस्तार हुँदै छ । नेपाली रुपैयाँ र भारतीय रुपैयाँको सटही दरमा भएको परिवर्तनबाट नेपालको अन्तर्राष्ट्रिय भुक्तानी व्यवस्थामा कुनै प्रतिकूल असर नपरेको कुरा भन्न पाउँदा मलाई अत्यन्त सन्तोष लागेको छ । गत आर्थिक वर्षको शुरूमा राष्ट्र–बैङ्कसंग रहेको विदेशी मुद्राको सञ्चय ३३ करोडबाट वृद्धि भई अहिले ३६ करोड भएकोबाट नै यो कुरा स्पष्ट हुन्छ ।

वितेका वर्षहरूमा घटेका आर्थिक घटना तथा देशको आर्थिक विकासको आवश्यकताको आधारमा आर्थिक विकास, वित्तीय तथा कर, मौद्रिक, कृषि, औद्योगिक तथा व्यापार-सम्बन्धी नीतिमा एक मौलिक परिवर्तन ल्याउन आवश्यक भएको कुरा यस सदनमा गत वर्षको बजेट प्रस्तुत गर्दा मैले व्यक्त गरेको थिएँ । अन्ततोगत्वा उत्पादनमा वृद्धि गरेर मात्र देशको आर्थिक व्यवस्था सुदृढ गर्न सकिन्छ भन्ने कुरामा श्री ५ को सरकारले दृढतापूर्वक विश्वास गरेको छ । अन्तर्राष्ट्रिय व्यापार बढाउने, नेपाली मुद्रालाई सुदृढ तुल्याउने आदि सरकारी नीति उत्पादन वृद्धि विना सफलतापूर्वक कार्यान्वयन हुन सक्दैनन् । तसर्थ थोरै लगानीबाट चाँडो तथा सकेसम्म बढी उत्पादन गराउनु नै आजको माग हो भन्ने कुरा मैले सम्झेको छु । साथै हाम्रो विकास क्रममा छोटो अवधिको मात्र विचार नगरी दीर्घकालीन दृष्टिकोण अपनाई आर्थिक साधन तथा देशको आवश्यकताहरू बीच समन्वय ल्याई विभिन्न क्षेत्रको विकास गर्ने नीति श्री ५ को सरकारले अपनाएको छ । आगामी आर्थिक वर्षमा २० वर्षको दीर्घकालीन योजना तयार गर्ने निर्णय गरिएको छ र यसको आधारमा चौथो योजनाको रूपरेखासमेत तयार गरिने छ ।

देशको सर्वतोमुखी विकास श्री ५ को सरकार तथा विभिन्न तहका पञ्चायतहरूको संयुक्त प्रयासबाट नै गरिनु पर्दछ भन्ने कुरा श्री ५ को सरकारले विश्वास गरेको छ । पञ्चायती व्यवस्थाको निर्देशक सिद्धान्त अनुसार स्थानीय विकास स्थानीय साधन अनुसार स्थानीय पञ्चायतहरूबाट हुनु पर्दछ भन्ने श्री ५ को सरकारको नीति रहँदै आएको हो । गत वर्षहरूमा क्रमिक रूपले पञ्चायतहरूले विकास कार्यमा देखाउँदै आएको सक्रियता उत्साहवर्द्धक छ । अधिराज्य-भित्रका सबै जिल्लाहरूको आर्थिक तथा प्राकृतिक साधनहरूको सर्भेक्षणको काम श्री ५ को सरकारले शुरू गरिसकेको छ । यस सर्भेक्षणले राष्ट्रिय प्राथमिकता अनुसार स्थानीय योजना तयार गर्न सबै जिल्ला पञ्चायतहरूलाई मद्दत मिल्ने छ भन्ने श्री ५ को सरकारले आशा राखेको छ । यसै आर्थिक वर्षभित्र रसुवा, सोलुखुम्बु, कपिलवस्तु, सुर्खेत, दाङ्ग, पाँचथर, भोजपुर, धनकुटा र तेह्रथुम गरी जम्मा ९ जिल्लाहरूमा प्राविधिक टोलीहरू पठाई यी जिल्लाहरूको साधनको आधारमा विकासको संभावनाको अध्ययन गरियो । विभिन्न योजना टोलीहरूबाट अध्ययन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएको आधारमा प्रतिवेदन तयार गरिंदै छन् । यो काम आगामी वर्षमा पनि कायमै गरिने छ र क्रमशः ७५ जिल्लाकै आधारभूत योजना तयार गराइने छ ।

सबै जिल्लाहरूको उचित विकास गराई सबै देशवासीहरूलाई आर्थिक विकास-बाट लाभान्वित गराउने पनि श्री ५ को सरकारको नीति छ । आगामी वर्ष दुर्गम जिल्लाहरूको विकासको निमित्त विशेष कार्यक्रम लागू गरिने छ । यसको निम्ति आवश्यक अर्थव्यवस्थासमेत बजेटमा गरिएको छ ।

गतवर्ष भारतीय मुद्राको अवमूल्यन भएबाट भारतीय रुपैयाँको दाँजोमा हाम्रो मुद्राको पुनर्मूल्यन हुन गएको हो । यसको स्थायित्व दीर्घकालीन आर्थिक विकासको दृष्टिबाट विचार गरिनु पर्छ । यस सन्दर्भमा मलाई यो भन्न पाउँदा बडो हर्ष लागेको छ कि द्वैध मुद्रा प्रणाली यसै आर्थिक वर्षमा समाप्त भएकोले अब मुद्राको क्षेत्रमा हामी आफ्नो आर्थिक अवस्था अनुरूप स्वतन्त्र नीति कायम गर्न सक्ने अवस्थामा पुगेका छौं । हाम्रो आर्थिक सम्बन्ध भारतसंग निकट-तम भएको कारणले भारतीय मुद्राको अवमूल्यनबाट नेपालको अर्थ व्यवस्थामा केही असर पर्नु स्वाभाविकै हो । तर यसबाट हाम्रो आर्थिक स्थितिमा अनुकूल नै प्रभाव परेको देखिन्छ । देशभित्र तयार हुने वस्तुहरूको मूल्यमा स्थिरता आएको छ र आयात हुने वस्तुहरूको मूल्यमा केही कमी भएको छ । आर्थिक वर्ष २०२१।२२ र २०२२।२३ को अन्तमा विदेशी मौज्दात हालको विनिमय दरमा परिवर्तन गर्दा क्रमशः करीव रू. २७ करोड तथा रू. ३३ करोड थियो । यस वर्ष पनि हामीसंग जेष्ठको अन्त्यमा रू. ३६ करोडभन्दा बढीको विदेशी मुद्रा मौज्दात छ । यसबाट हामीलाई विदेशी मुद्राको कुनै समस्या छैन र अन्तर्राष्ट्रिय भुक्तानीको स्थितिमा कुनै विशेष परिवर्तन भएको छैन भन्ने स्पष्ट हुन्छ । यस बाहेक हाम्रो निर्यात व्यापारमा अनेकताको नीति सन्तोषजनक रूपमा कार्यान्वियनसमेत भएको कुरा मैले माथि उल्लेख गरिसकेको छु । निर्यातमा अनेकता ल्याउनुको साथै आयातमा पनि अनेकता ल्याउन आगामी वर्षदेखि आवश्यक कदमहरू उठाइने छ ।

आर्थिक प्रशासनमा परिस्थिति सुहाउँदो सुधार ल्याई दरिलो पार्न सकेमा मात्र देशमा आर्थिक स्थिरता कायम हुँदै जाने भएकोले श्री ५ को सरकारको प्रयास यसतर्फ पनि निरन्तर जारी नै रहने छ । सरकारको कर नीतिको वास्तविक कार्यान्वयन पनि यसैको दक्षतामा निर्भर गर्दछ । हुन सकेसम्म आफ्नो शक्ति लगाई विकास कार्यमा अग्रसर हुनुपर्ने हुनाले हामीले भविष्यको सुख समृद्धिको निमित्त अ.ज कडा परिश्रम गर्नु परेको छ । सरकार र जनताको संयोगात्मक कदमहरूको फलस्वरूप वृद्धि हुँदै जाने राष्ट्रिय आय सकेसम्म सञ्चित गरी सुहाउँदो अनुपातमा आपसी मतैक्य अनुसार विकास कार्यमा लगानी गरिने नीति श्री ५ को सरकारको आगामी वर्षहरूमा रहनेछ । यस सन्दर्भमा श्री ५ को सरकरले साधारण तर्फको खर्चबाट बचत गरी केही वर्षदेखि विकासको निम्ति लगानी गर्दैआएको कुरा उल्लेखनीय छ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महोदय, केही दिन अघि यस सदनलाई श्री ५ महाराजाधिराजबाट संबोधन बक्सँदा दैनिक प्रशासकीय खर्चमा सकेसम्म कम बृद्धि गराई सरकारी आय–व्ययमा यथाशक्य बचत गराई यसलाई विकासको निमित्त उपयोग गर्ने श्री ५ को सरकारको नीति छ भन्ने हुकुम भएको हो । यस्ता मितव्ययी कदमहरू आगामी वर्षमा दृढताका साथ उठाइने छन् । खास गरेर देशको प्रतिष्ठा र आर्थिक लाभको दृष्टिकोणबाट भाग नलिई नहुने अन्तर्राष्ट्रिय सम्मेलनहरू बाहेक अरूमा श्री ५ को सरकारको आफ्नै खर्चमा प्रतिनिधिहरू नपठाउने, सरकारी साधनहरूको सुबिधामा नियन्त्रण गर्ने, विदेशी यात्रामा सबैले टुरिष्ट क्लासमा भ्रमण गर्ने आदि जस्तो मुख्य कदमहरू लिइने छन् । मन्त्रीहरूको पारिश्रमिक तथा अरू निजी सचिवालयसम्बन्धी खर्चहरूमा समेत आवश्यक कटौती गरिएको छ । भन्जारसम्बन्धी सुविधा पनि मन्त्रीहरू तथा सबै कर्मचारीहरूलाई समेत अबउप्रान्त प्राप्त हुने छैन ।

आन्तरिक साधनहरूको विभिन्न उपायहरूद्वारा परिचालन नगरी आर्थिक बिकासले द्रुतगति लिन सक्तैन । यसको निमित्त प्रथमतः सरकारी तथा गैर सरकारी क्षेत्रमा बचत गर्न सकिने क्षमता ल्याई बचत गर्ने बानी बसाल्नु परेको छ । यस्ता बचतहरूको सदुपयोगमा मात्र देशको आत्मनिर्भरताको साथै विभिन्न क्षेत्रको विकास हुन सक्तछ । हुनत हाम्रोजस्तो विकासोन्मुख तथा सीमित साधनहरू भएको देशमा केही बर्षहरूको निम्ति बिदेशी सहायताको आवस्यकता परि नै रहन्छ । हालसम्म भइरहेका वित्तीय संस्थाहरूको सञ्चालनमा सुदृढता ल्याउने श्री ५ को सरकारले आगामी वर्षमा बढी प्रयत्न गर्ने छ । राष्ट्रिय साधारण बिमा कम्पनी खोल्नेतर्फ श्री ५ को सरकारले कदम चालिसकेको छ ।

श्री ५ को सरकारको स्वामित्व भएको औद्योगिक तथा व्यावसायिक संस्थाहरूलाई कमसेकम समय भित्रमा नै नाफामा चलाउने व्यवस्था गरिने छ । साथै गैर सरकारी क्षेत्रमा उद्योग वाणिज्य व्यापारको विकास गराउने सरकारी नीति भएकोले भरसक यस्ता संस्थाहरू गैर सरकारी क्षेत्रमा नै खुलाउने आवश्यक सहुलियत र प्रोसाहन दिइने छ । सरकारी क्षेत्रमा रहेका व्यावसायिक संस्थाहरूले पनि प्रतिस्पर्धाको आधारमा काम गर्ने छन् तथा यिनीहरूले व्यापारमा एकाधिकार पाउने छैनन् ।

माननीय अध्यक्ष महोदय, विगत वर्षहरूको दाँजोमा यस वर्ष श्री ५ को सरकारले के कति मात्रामा आर्थिक उपलब्धी गरेको छ भन्ने विवरण आर्थिक सर्वेक्षणबाट स्पष्ट भएको छ । पञ्चायती व्यवस्थाको आर्थिक लक्ष्य हासिल गर्न अझ कठोर परिश्रम गर्दै जानुपर्ने छ र यसको निमित्त आइपर्ने धेरै कठिनाइहरूको सामना हामीले गर्नुपर्ने छ । सीमित साधन भएको देशमा द्रुतगतिले आर्थिक विकास गर्न खोज्दा बाटो तथा लक्ष्य जतिसुकै उचित भए तापनि बखत बखतमा आर्थिक तथा अरू किसिमका समस्याहरू आइपर्छन् । तर श्री ५ को सरकारलाई विगत वर्षहरूमा झैं सबै नेपालीहरू तथा पञ्चहरूको सहयोग प्राप्त हुँदै गएमा हाम्रो आर्थिक विकासको पथमा जस्तोसुकै समस्या आइपरे पनि तिनको व्यावहारिक समाधान गर्दै जान सक्छौं भन्ने मलाई पूर्ण विश्वास छ ।

२६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## व्यय र खर्च व्यहोर्ने स्रोतहरूको संक्षिप्त विवरण

रू. हजारमा

| २०२२।२३ को यथार्थ | व्यय | २०२३।२४ को संशोधित अनुमान | २०२४।२५ को अनुमान |
|---|---|---|---|
| ४२,८१,०६ | कूल खर्च | ४६,२८,२० | ५४,०१,१८ |
| १४,७३,३० | साधारण तर्फ | १८,३२,७७ | १६,१६,६५ |
| २८,०७,७६ | विकास तर्फ | ३०,९५,४३ | ३४,८४,२३ |
| | खर्च व्यहोरिने स्रोतहरू | | |
| २१,६४,६८ | राजस्वबाट | ३०,५५,४३ | ३३,६०,०० |
| | आयको वर्तमान स्रोतबाट | | ३१,१०,०० |
| | कर प्रस्तावबाट | | २,५०,०० |
| १७,५३,०० | विदेशी सहायता | १६,६६,०० | १९,७४,५२ |
| ९,३०,०० | भारत | ९,७४,०० | ९,९८,४५ |
| ५,७९,०० | अमेरिका | ३,७०,०० | ४,१८,४५ |
| १,६२,०० | चीन | २,५२,०० | ४,८०,७७ |
| ५०,०० | रूस | २०,०० | ६०,२५ |
| ३२,०० | अन्य | ५०,०० | १६,६० |
| ३,६३,०८ | न्यून | २,०६,७७ | ६६,६६ |
| | न्यून व्यहोरिने अन्य स्रोतहरू | | |
| २३,०० | विदेशी ऋण | × | × |
| ७५,०० | आन्तरिक ऋण | २५,०० | ६६,६६ |
| १,७९,४० | गत वर्षको मौजदात | × | × |
| −७५,६८ | बचत (+) वा घाटा (−) | −१,८१,७७ | × |

*आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२४।२५ को राजस्व
अनुमान
तेरिज

रु. हजारमा

| सि. नं. | शीर्षक | २०२२।२३ को यथार्थ | २०२३।२४ को संशोधित अनुमान | २०२४।२५ को अनुमान |
|---|---|---|---|---|
| १. | भन्सार | ६,३५,१५ | १४,७७,५० | १४,७३,५० |
| २. | अन्तःशुल्क | २,००,६२ | २,५२,१५ | २,७५,२० |
| ३. | मालपोत | ४,४५,१८ | ६,४०,०० | ६,७०,०० |
| ४. | वन | १,६३,६६ | १,५५,२५ | १,२७,५० |
| ५. | कर | १,६३,७२ | २,६५,८८ | ३,१४,४० |
| ६. | रजिष्ट्रेशन | २५,५३ | ३७,६६ | ३८,७० |
| ७. | सिंचाइ र पानी | ३,५५ | ८,१० | ८,६० |
| ८. | सञ्चार | ३४,२५ | ४४,५० | ४७,०० |
| १०. | यातायात | ५२,१८ | ५,८० | ६,०० |
| ११. | ब्याज तथा लाभांश | ३८,२७ | ६१,४४ | ७१,०० |
| १२. | निजामती प्रशासन | ५२,११ | ६०,२० | ६१,०० |
| १३. | विविध | २०,४५ | १६,५६ | १७,१० |
| | | २१,६४,६८ | ३०,५५,४३ | ३ ,१०,०० |

मुद्रण विभाग

१०१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २०२४।२५ को व्यय अनुमान

### तेरिज

रु. हजारमा

| | साधारणतर्फ | विकासतर्फ | जम्मा |
|---|---|---|---|
| १. संवैधानिक अङ्गहरू | ८८,६६ | × | ८८,६६ |
| २. साधारण प्रशासन | ३,९६,९३ | × | ३,९६,९३ |
| ३. आयकर प्रशासन | १,३२,९७ | × | १,३२,९७ |
| ४. आर्थिक प्रशासन र योजना | १९,१४ | ९३,८२ | १,१२,९६ |
| ५. न्याय प्रशासन | ४२,५६ | × | ४२,५६ |
| ६. वैदेशिक सेवा | १,०९,३७ | × | १,०९,३७ |
| ७. सामाजिक सेवा | २,६८,५९ | ६,१०,०६ | ८,७८,६५ |
| ८. आर्थिक सेवा | ३,१६,२४ | २५,७७,५८ | २८,९३,८२ |
| ९. रक्षा | ४,३१,४६ | × | ४,३१,४६ |
| १०. विविध | १,११,०० | २,०२,७७ | ३,१३,७७ |
| | १९,१६,९५ | ३४,८४,२३ | ५४,०१,१८ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २०२४।२५ को राजस्व अनुमान

| सि.नं. | शीर्षक | उप-शीर्षक | २०२२।२३ को यथार्थ | २०२३।२४को संशोधित अनुमान | २०२४।२५ को अनुमान |
|---|---|---|---|---|---|
| १. | भन्सार | क) निकासीबाट | १,३१,३९ | २,५०,०० | २,३५,०० |
| | | ख) पैठारीबाट | ३,७४,९४ | ६,४०,०० | ६,५०,०० |
| | | ग) भारतबाट अन्तः-शुल्क फिर्ता | ४,२०,४६ | २,८०,०० | २,८०,०० |
| | | घ) विविध | ८,३६ | ७,५० | ८,५० |
| २. | अन्तःशुल्क | क) ठेक्का रकम | ६०,६५ | ७०,२० | ७५,२० |
| | | ख) औद्योगिक उत्पादन | १,२१,७० | १,४६,०० | १,५५,०० |
| | | ग) कृषि उत्पादन | १५,०२ | ३१,०० | ४०,०० |
| | | घ) विविध | ३,२५ | ४,९५ | ५,०० |
| ३. | मालपोत | रैकर | ४,४५,१८ | ६,४०,०० | ६,७०,०० |
| ४. | वन | क) लकडी बिक्री | १,८०,२९ | १,४०,०० | १,१०,०० |
| | | ग) शिकार तथा रोयल्टी | ३,११ | ३,२५ | ४,०० |
| | | ङ) विविध | १०,५६ | १३,०० | १३,५० |
| ५. | कर | क) आय कर | ७०,८३ | ८१,०० | ९०,०० |
| | | ख) मनोरञ्जन | १४,११ | १७,०० | १८,०० |
| | | ग) रेडियो | ९७ | १,०० | १,०० |
| | | घ) शहरी क्षेत्रको घर जग्गा | ६,३८ | ८,०० | ९,०० |
| | | ङ) बिदेशी लगानी | ५९ | १,५० | १,६० |
| | | च) घर बहाल कर | १,८९ | ७,०० | ६,५० |
| | | छ) हवाई उडान कर | २,५३ | ३,५० | ४,५० |
| | | ज) आयकर टिकट | १ | ८ | १० |
| | | झ) ठेक्का कर | ३,६५ | १३,५० | १५,५० |
| | | ञ) बिक्री कर | ६२,५५ | १,६०,०० | १,६५,०० |
| | | ट) विविध | २१ | २,३० | ३,२० |

163

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ६. रजिष्ट्रेशन | क) घर जग्गा | २२,६५ | ३४,२९ | ३४,५० |
| | ख) कम्पनी ऐन अन्तर्गत | ८२ | १,२५ | १,३० |
| | ग) फारम रजिष्ट्रेशन | ४७ | ५० | ६० |
| | घ) एजेन्सी रजिष्ट्रेशन | ४ | १२ | १५ |
| | ङ) बन्दुक पिस्तोल | ३१ | ३० | १५ |
| | च) सवारी लाइसेन्स | १,२४ | १,५० | २,०० |
| ७. सिंचाइ पानी | क) पानी पोत | १,७५ | ३,६० | ४,१० |
| | ख) धारा महसूल | १,८० | ४,५० | ४,५० |
| ९. सञ्चार | क) हुलाक | २६,३३ | ३३,५० | ३४,०० |
| | ख) आकाशवाणी | ४,०४ | ६,५० | ७,५० |
| | ग) टेलिफोन | ३,८८ | ४,५० | ५,५० |
| १०. यातायात | क) हवाई | ४,६८ | ५,८० | ६,०० |
| | ख) रोडशेष | ४७,५१ | × | × |
| ११. ब्याज तथा लाभांश | ख) सरकारी जागिरदारलाई दिएको ऋणको ब्याज | १,४२ | ४,५० | ५,०० |
| | ग) शेयरमा लगानी | ३६,८५ | ५६,९४ | ६१,०० |
| | घ) कम्पनी कर्पोरेशनलाई गएको ऋण फिर्ता | × | × | ५,०० |
| १२. निजामती प्रशासन | क) न्याय | १७,७१ | २२,०० | २२,०० |
| | ख) शिक्षा | ५,०१ | ७,५० | ७,५० |
| | ग) स्वास्थ्य | १,५० | २,६० | ३,०० |
| | घ) पशु तथा मत्स्यपालन | १४ | ५० | १,०० |
| | ङ) प्रचार तथा प्रसार | १,३९ | १,५० | १,०० |
| | च) पब्लिक वर्क्स | २,०० | ३,१० | २,५० |
| | छ) विविध | २४,३६ | २३,०० | २४,०० |
| १३. विविध | क) पासपोर्ट र भिसा | ४,०० | ५,५० | ५,६० |
| | ख) अभियान रोयल्टी | ८ | ५० | ७५ |
| | ग) भारत सरकारबाट आउने | १५,९८ | १०,१५ | १०,१५ |
| | घ) अरू फुटकर | ३९ | ५० | ६० |
| | | २१,६४,९८ | ३०,५५,४३ | ३१,१०,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२४।२५ को व्यय
अनुमान
(साधारणतर्फ)

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२२।२३ को यथार्थ | २०२३।२४क संशोधित अनुमान | २०२४।२५ को अनुमान |
|---|---|---|---|---|---|
| १ संवैधानिक अङ्गहरू | १ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ५४,५९ | ४९,५३ | ४९,५३ |
| | २ | राजसभा | १,३५ | १,७० | १,३९ |
| | ३ | राष्ट्रिय पञ्चायत | ११,४१ | १६,६७ | १५,८८ |
| | ४ | महालेखापरीक्षकको बिभाग | ८,५४ | ७,२६८ | ७,७३ |
| | ५ | सर्वोच्च अदालत | ६,४५ | ८,५७ | ८,०४ |
| | ६ | लोकसेवा आयोग | २,३१ | ३,९२ | ३,२० |
| | ७ | निर्वाचन आयोग | × | ६,२५ | २,९२ |
| २ साधारण प्रशासन | ८ | मन्त्रि–परिषद् | ६,९० | ७,९६ | ११,३९ |
| | ९ | श्री ५को सरकारको सचिवालय | ३७,०७ | ४१,८९ | ४३,९७ |
| | १० | जिल्ला प्रशासन | ४७,४४ | ४८,१० | ४४,४४ |
| | ११ | प्रहरी | १,४५,८८ | २,०६,७२ | १,३४,०९ |
| | १२ | कारागार | ३०,५८ | ३२,०० | ३५,०२ |
| | १३ | विविध | ११,३२ | १४,०५ | २८,०२ |
| ३ आयकर प्रशासन | १४ | मालपोत | ५८,४० | १,०३,९० | ६३,८३ |
| | १५ | भन्सार | ३०,३९ | ३७,७० | ४७,७२ |
| | १६ | अन्तःशुल्क | २,०९ | ४,४७ | १०,८६ |
| | १७ | कर | ४,६२ | ९,०० | ९,३९ |
| | १८ | आयकर अदालत | १,६७ | १,५७ | १,१७ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| ४ आर्थिक प्रशासन र योजना | १९ | तथ्याङ्क | १,७० | १,६८ | १,५८ |
| | २० | सर्भे | १,०९ | १,२२ | १,५० |
| | २१ | टकसार | ६,२२ | ७,०२ | ५,१२ |
| | २२ | ए.ज. को कार्यालय | ८,९५ | ९,०० | १०,९४ |
| ५ न्यायप्रशासन | २३ | अदालत | ३६,४० | ४०,०० | ४१,६० |
| | २४ | महान्यायाधिवक्ता | ९३ | १,०२ | ९६ |
| ६ वैदेशिक सेवा | २५ | वैदेशिक | ६०,९२ | ७५,०० | ८४,१० |
| | २६ | विविध | २३,३५ | १८,०० | २५,२७ |
| ७ सामाजिक सेवाहरू | २७ | शिक्षा | १,०१,४९ | १,३०,८० | १,४३,६५ |
| | २८ | स्वास्थ्य | ५३,९५ | ६०,४६ | ८७,२० |
| | २९ | प्रचार तथा प्रसार | २५,७७ | २६,४१ | २२,३८ |
| | ३० | पञ्चायत | २०,१९ | २७,१४ | १५,३६ |
| ८ आर्थिक सेवाहरू | ३१ | कृषि | ८,२९ | ८,०० | ८,९० |
| | ३२ | वन | ४०,८५ | ४३,७० | ४७,२९ |
| | ३३ | उद्योग वाणिज्य | ६,१५ | ७,५५ | ७,११ |
| | ३४ | सञ्चार | ७२,७८ | ७३,०० | ७५,[illegible] |
| | ३५ | यातायात | २८,७५ | २३,८० | ३०,१[illegible] |
| | ३६ | विद्युत् | २,९८ | २,८० | २,५५ |
| | ३७ | निर्माण | ७४,२६ | ८९,४१ | ८९,१५ |
| | ३८ | लगानी ऋण तथा ब्याज | २२,७९ | ४८,२० | ५५,५० |
| ९ रक्षा | ३९ | रक्षा | ३,११,९३ | ४,०६,३६ | ४,३१,४६ |
| १० विविध | ४० | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | १४,७२ | २०,०० | १५,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ४१ | निवृत्त भरण, भत्ता तथा उपदान | ३१,९७ | ४०,५० | ४२,०० |
| ४२ | अतिथि सत्कार | १,३२ | १,७५ | १,५० |
| ४३ | आकस्मिक सहायता चन्दा र पुरष्कार | १,४९ | २,५० | २,५० |
| ४४ | पुनः मतदान | ३,०० | ३,०० | ३,०० |
| ४५ | मुआवजा | ५,५३ | ४,०० | ४,०० |
| ४६ | अन्य अकस्मिक खर्च | ३,०० | ३,०० | ३,०० |
| ४७ | भैं परी आउने | ४०,४९ | ५४,२५ | ४०,०० |
| | रोडशेष | १,०३ | १,५२ | × |
| | | १४,७३,३० | १८,३२,७७ | १९,१६,९५ |

२६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २०२४।२५ को व्यय अनुमान (विकासतर्फ)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२२।२३ को यथार्थ | २०२३।२४ को संशोधित अनुमान | २०२४।२५ को अनुमान |
|---|---|---|---|---|---|
| ४ आर्थिक प्रशासन र योजना | १ | तथ्याङ्क | १०,०० | १०,१८ | १८,३१ |
| | २ | सर्भे | ४१,०५ | ५०,५४ | ७२,८७ |
| | ३ | बजेट तथा ए. ता. योजना | २,४० | २,७२ | २,६४ |
| ७ सामाजिक सेवाहरू | ४ | शिक्षा | २,४९,४४ | २,३०,९० | २,३७,३५ |
| | ५ | स्वास्थ्य | १,८४,९७ | १,८३,३६ | १,८५,७९ |
| | ६ | प्रचार तथा प्रसार | ४७,६५ | २०,५० | १३,३६ |
| | ७ | पञ्चायत | १,३६,०० | १,८१,८२ | १,७३,५६ |
| ८ आर्थिक सेवाहरू | ८ | कृषि | १,३३,७५ | २,२०,४५ | २,६६,२३ |
| | ९ | वन | ६३,९८ | ७०,०१ | ७१,४५ |
| | १० | उद्योग वाणिज्य | २,०५,२७ | १,७१,०१ | २,०३,३४ |
| | ११ | सञ्चार | ५३,०० | ५८,७१ | ६८,५७ |
| | १२ | यातायात | १,०५,७७ | ४२,९५ | १४,१४ |
| | १३ | विद्युत् | ४,५१,१४ | ३,४०,६८ | ३,२२,८३ |
| | १४ | निर्माण | ८,४८,९५ | १२,०९,१० | १५,६५,२९ |
| | १५ | लगानी ऋण तथा ब्याज | ७७,३४ | ९०,४० | ६०,०० |
| | १६ | इञ्जिनियरिङ्ग | १,८० | ४,५० | ५,७३ |
| १० विविध | १७ | पुनः मतदान | ५,०० | ५,०० | ५,०० |
| | १८ | भैपरी आउने | ९०,०० | ७७,०० | ६८,०० |
| | १९ | योजना | ३,४७ | ९,०० | १९,३० |
| | २० | प्रशासन सुधार | ४,४० | ३,८८ | ६,१५ |
| | २१ | भूमिसुधार | ८९,६३ | १,१०,७२ | १,०१,९९ |
| | २२ | मेट्रिक नाप तौल आयोजना | २,७५ | २,०० | २,३३ |
| | | | २८,०७,७६ | ३०,९५,४३ | ३४,८४,२३ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आर्थिक वर्ष २०२४।२५ को विकासतर्फ खर्च व्यहोर्ने स्रोतको बिवरण

| अनुदान संख्या | शीर्षकको नाम | २०२४।२५ को अनुमान | श्री ५ को सरकार | भारत | अमेरिका | चीन | रूस | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्क | १८,३१ | १५,३१ | | ३,०० | | | | |
| २ | सर्भे | ७२,८७ | ७२,८७ | | | | | | |
| ३ | बजेट तथा एकाउण्टेण्ट तालीम योजना | २,६४ | २,६४ | | | | | | |
| ४ | शिक्षा | २,३७,३५ | १,४२,३४ | ३,४० | ८७,८६ | | | ३,७५ | (युनेस्को युनिसेफ) |
| ५ | स्वास्थ्य | १,८५,७९ | १,०२,७५ | | ८२,०० | | | १,०४ | (साटा) |
| ६ | प्रचार तथा प्रसार | १३,३६ | १३,३६ | | | | | | |
| ७ | पञ्चायत | १,७३,५६ | १,३०,५६ | | ४३,०० | | | | |
| ८ | कृषि | २,६६,२३ | १,१८,३५ | १९,१४ | १,२७,७४ | | | १,०० | (साटा) |
| ९ | वन | ७१,४५ | ६१,३९ | ५,४० | ३,८५ | | | ८१ | (साटा) |
| १० | उद्योग वाणिज्य | २,०३,३४ | १,१०,२३ | ३५,५९ | ११,५० | ३५,७७ | १०,२५ | | |
| ११ | सञ्चार | ६८,५७ | ४३,५७ | २५,०० | | | | | |
| १२ | यातायात | १४,१४ | १२,१७ | १,९७ | | | | | |
| १३ | विद्युत् | ३,२२,८३ | ९४,३३ | १,१९,०० | ५९,५० | ५०,०० | | | |
| १४ | निर्माण | १५,६५,२९ | ३,२१,३४ | ७,८८,९५ | | ३,९५,०० | ५०,०० | १०,०० | (बृटिश) |
| १५ | लगानी ऋण तथा ब्याज | ६०,०० | ६०,०० | | | | | | |
| १६ | इञ्जिनियरिङ्ग | ५,७३ | ५,७३ | | | | | | |
| १७ | पुन: मतदान | ५,०० | ५,०० | | | | | | |
| १८ | भैपरी आउने | ६८,०० | ६८,०० | | | | | | |
| १९ | योजना | १९,३० | १९,३० | | | | | | |
| २० | प्रशासन सुधार | ६,१५ | ६,१५ | | | | | | |
| २१ | भूमिसुधार | १,०१,९९ | १,०१,९९ | | | | | | |
| २२ | मेट्रिक नापतौल आयोजना | २,३३ | २,३३ | | | | | | |
| | | ३४,८४,२३ | १५,०६,७१ | ९,९८,४५ | ४,१८,४५ | ४,८०,७७ | ६०,२५ | १६,६० | |

२६५

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## विदेशी मुद्राको आय-व्यय विवरण

| शीर्षक | २०२३।२४ को संशोधित अनुमान | २०२४।२५ को अनुमान |
|---|---|---|
| | **आय** | रु. हजारमा |
| १. अदृश्य निर्यात | २,८८,६० | २,८५,०० |
| २. दृश्य निर्यात | ५,४०,०० | ४,००,०० |
| ३. नेपाल स्थित विदेशी दूतावास खर्च | १५,६८ | २५,०० |
| ४. विदेशी सहायता | ७६,०५ | ८०,०० |
| ५. विविध | २,४६,९० | २,१०,०० |
| | ११,७३,२३ | १०,००,०० |
| | **व्यय** | |
| १. राजनैतिक कूटनैतिक | ६८,७४ | १,२१,९७ |
| २. विकास | ३,१५,६२ | ३,३२,९७ |
| ३. जगेडा | १,००,०० | १,००,०० |
| ४. आयातको भुक्तानी | १३.२२ | १,९७,१४ |
| ५. ऋणमोचन कोष | ५,३६ | १७,६० |
| ६. विविध | १,७६,१७ | २,७०,१० |
| | ७,१२,४४ | १०,३६,७८ |
| बचत | ४,६०,७९+◈ | – ३६,७८ |

◈ ११ महीनाको वास्तविक आयको आधारमा संशोधित अनुमान तयार गरिएको छ।

आज्ञाले–

डा. यादवप्रसाद पन्त

श्री ५ को सरकारको सचिव।

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।